

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com



नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्यधिक समस्या भएमा तुरुन्त नजीकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ वैशाख १२ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 April 25 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २३६


## कोरोना नियन्त्रणका लागि सर्वदलीय संयन्त्र निर्माण

प्रस, वीरगंज, ११ वैशाख/

कोरोना महामारी नियन्त्रणका लागि प्रदेश २ सरकारले चालेको कदमलाई थप प्रभावकारी बनाउन सर्वदलीय संयन्त्र गठन गरिएको छ ।

जनकपुरधामस्थित मुख्यमन्त्री निवासमा सम्पन्न सर्वदलीय बैठकबाट संयन्त्र निर्माण गरिएको हो ।



सर्वदलीय बैठकमा छलफल गर्दै सहभागीहरू । तस्वीरः सौजन्य

मुख्यमन्त्री लालबाबू राउत गद्दीले बोलाएको सर्वदलीय बैठकमा सामाजिक विकासमन्त्री नवलकिशोर साहको अध्यक्षतामा सर्वदलीय संयन्त्र गठन गरिएको हो । संयन्त्रमा एमाले संसदीय दलका नेता शुत्रघ्न महतो, नेकाका संसदीय दलका नेता रामसरोज यादव, नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता भरत साह, जसपाका सचेतक परमेश्वर साह र प्रदेशसभा सदस्य रामाशिष यादव छन् ।

बैठकले २५ जनाभन्दा बढी सहभागी हुने सांस्कृतिक, धार्मिक र राजनीतिक गतिविधिहरू स्थानीय प्रशासनको सहयोगमा कडाइका साथ रोक्ने निर्णय गरेको बताइएको छ ।

## तीन स्थानमा रक्तदान, ९८ जना सहभागी

प्रस, वीरगंज, ११ वैशाख/

वीरगंज महानगरपालिकामा शनिवार डिल्लीमाया घिमिरले बताइन् ।

घण्टाघरमा स्वतन्त्र समाज नेपालले केन्द्रका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए । कार्यक्रममा मञ्जीत







तीन स्थानमा भएको रक्तदान कार्यक्रममा ९८ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र वीरगंजकी मोबाइल इन्चार्ज वीरगंज महानगरपालिकाको सहयोगमा आयोजना गरेको खुला रक्तदान कार्यक्रममा ६१ जनाले रक्तदान गरेका वर्णवाल, मञ्जु वर्णवाल, सन्दीप साह, विजय श्रेष्ठ, धीरज अधिकारीलगायतले


(बाँकी अन्तिम पातामा)


## वीरगंजमा एकजना सङ्क्रमितको मृत्यु

प्रस, वीरगंज, ११ वैशाख/

वीरगंजमा थप एकजना सङ्क्रमितको उपचारको क्रममा मृत्यु भएको छ ।

मृत्यु हुनेमा वीरगंज–१३ का ५३ वर्षीय पुरुष रहेका छन् । गएराति १२:१० बजेको समयमा उनको गण्डक हस्पिटलमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रशासन कार्यालय पर्साका प्रशासकीय अधिकृत तथा जिल्ला सङ्कट व्यवस्थापन केन्द्र पर्साका सूचना अधिकारी विनय श्रीवास्तवले जानकारी गराए । एक सातादेखि उपचार चलिरहेको ती पुरुषको वैशाख ६ गते नारायणी अस्पताल वीरगंजस्थित पिसिआर प्रयोगशालामा स्वाब परीक्षण गर्दा सङ्क्रमित देखिएको थियो ।

श्वासप्रश्वासमा समस्या तथा निमोनियाका कारण उनको मृत्यु भएको चिकित्सकहरूले बताएका छन् ।

## पर्सागढीमा १८४ जनाले खोप लगाए

प्रस, बिरुवागुठी, ११ वैशाख/

पर्सागढी नगरपालिकामा १८४ जनाले दोस्रो चरणको कोरोनाको खोप लिएका योगेन्द्रप्रसाद पञ्जियारले बताए ।

पहिलो चरणमा प्राथमिकतामा परेर खोप लिएका जनप्रतिनिधि, कर्मचारी,



महिलालाई कोरोनाविरुद्धको खोप लगाउँदै स्वास्थ्यकर्मी । तस्वीरः प्रतीक

छन् ।

नगरपालिका अन्तर्गत हरपुर स्वास्थ चौकी र बागेश्वरी स्वास्थ्य केन्द्र चैनपुरबाट १८४ जनाले खोप लिएको नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख पत्रकार, ज्येष्ठ नागरिक, सुरक्षाकर्मी, सफाइकर्मीलगायतले खोप लिएका प्रमुख पञ्जियारले बताए ।

पर्सागढीमा पहिलो चरणको खोप १९४ जनाले लिएका थिए ।

## वीरगंजमा ९० जना सङ्क्रमित थपिए

प्रस, वीरगंज, ११ वैशाख/

नारायणी अस्पतालको पिसिआर प्रयोगशालाले शनिवार साँझ ९० जना सङ्क्रमित पुष्टि गरेको छ ।

अस्पतालका प्रवक्ता डा सरोजरोशन दासले १४० जनाको पिसिआर परीक्षण गर्दा ९० जना सङ्क्रमित पुष्टि भएको बताए । सङ्क्रमित पुष्टि भएकामा पर्साका ६५, बाराका २२ र रौतहटका ३ जना छन् ।

सङ्क्रमित पुष्टि भएकामध्ये ६६ जना पुरुष र २४ जना महिला छन् । उनीहरूको सिटी भ्यालु १४ देखि ३४ रहेको प्रवक्ता डा दासले बताए ।



तस्वीरः फाइल




**जगत्‌ले तिम्रो स्वार्थको कुरा मन लगाएर कहिल्यै सुन्दैन। उनीहरू त आफ्नो स्वार्थको कुरा रस लगाएर सुन्छन्।**

**-विचारसार र सूक्तिहरू**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# सुख–दुःखका विविध रङ्ग

**मनोविज्ञानले भन्दछ– हामी नकारात्मकतातिर तीव्रताले अघि बढ्छौं। असल विचारको तुलनामा नराम्रो विचार तीव्र गतिमा फैलन्छ र यही कारण हो कि हामी सुख बिर्सन्छौं र दुःखलाई लामो समयसम्म समातेर राख्छौं। यसले हाम्रो दिमागमा तीतो स्मृति यति सघन हुन्छ कि हामी त्यसैमा अल्झिरहन्छौं।**

दुनियाँ हामीलाई रङ्गी–बिरङ्गी देखिन्छ, हाम्रो आँखा जति राम्रो हुन्छ, दुनियाँ हामीलाई त्यति नै स्पष्ट देखिन्छ। यदि आँखाको लेन्समा कुनै गडबडी छ भने हामीलाई हेर्न अप्ठ्यारो महसूस हुन्छ। आँखाले त्यो मात्र रङ्ग देखिन्न, जुन वास्तवमा हुन्छ, यदि हाम्रो आँखामा रङ्गीन चश्मा छ भने, हामीलाई दुनियाँ पनि त्यही रङ्गको देखिन्छ।

रङ्गबाट हामीलाई सुखको अनुभूति पनि हुन्छ र दुःखको पनि। कुनै रङ्ग हामीलाई राम्रो लाग्छ, मनलाई एकदमै सुहाउँछ भने कुनै रङ्ग ठ्याम्मै मन पर्दैन। जुन रङ्ग हामीलाई मन पर्छ, त्यो देखेर मन प्रफुल्लित हुन्छ भने जुन रङ्ग एकदमै मन पर्दैन, त्यसलाई देखेर मन अप्रसन्न हुन्छ। यदि हामीसँग मन परेको रङ्गको कुनै परिधान, वस्तु वा उपहार छ भने त्यसलाई हेरेर हामीलाई खुशी हुन्छ, तर यदि कुनै वस्तु मन नपरेको रङ्गको छ भने त्यसको उपयोग गर्न पनि हच्किन्छौं।

कुनैकुनै रङ्ग टाढाबाट निकै राम्रो लाग्छ, तर नजीक गएपछि त्यति मन पर्दैन। कहिलेकाहीं यसविपरीत पनि हुन्छ, अर्थात् जुन रङ्ग हामीलाई टाढाबाट मन पर्दैन, त्यो नजीक गएपछि मन पर्न थाल्छ। कारण के हो भने टाढाबाट हेर्दा त्यो रङ्ग हामीलाई त्यति स्पष्ट देखिंदैन, तर नजीक गएपछि त्यसको वास्तविकता प्रस्ट हुन्छ र राम्रो लाग्न थाल्छ। त्यसगरी, टाढाबाट राम्रो र मनमोहक देखिने रङ्ग नजीक गएपछि, यदि त्यसको वास्तविक रङ्ग राम्रो छैन भने हामीलाई मन पर्दैन।

हाम्रो जीवनमा पनि यही घटित हुन्छ। टाढाबाट हेर्दा जुन सुख, ऐश्वर्य एवं प्रतिष्ठा हामीलाई मनभावन प्रतीत हुन्छ, कहिलेकहिले नजीकबाट, गहिरोगरी हेर्दा त्यो त्यति नै दुःख, पीडाले भरिएको देखिन्छ। टाढाबाट हेर्दा हामीलाई जे कुरा जति सुखी प्रतीत हुन्छ, नजीकबाट, यदि त्यसको वास्तविकता थाहा भयो भने, थोरै मात्र यस्ता मानिस हुन्छन्, जो आफ्नो सुखबाट सुखी देखिन्छन्। यस्तै कसैको जीवन हामीलाई टाढाबाट हेर्दा कष्टपूर्ण, अभावपूर्ण देखिन्छ, नजीकबाट हेर्‍यो भने यस्ता व्यक्ति जीवनबाट सन्तुष्ट, प्रसन्न र सुखी पनि देखिन्छन्।

यस प्रकार सुखका कैयौं रूप र रङ्ग छन् भने दुःखका पनि अनेक रङ्गरूप छन्, जुन हाम्रो जीवनमा हामी सम्मुख बेलाबेलामा देखिने गर्छन्। कहिले यिनले हामीलाई सुखको अनुभूति दिन्छन् भने कहिले दुःखको। सुख–दुःख रूपी जिन्दगीका यी रङ्ग जति पक्का हुन्छन्, त्यति नै हलुका पनि हुन्छन्, अर्थात् पक्का रङ्ग खुइलिंदैन, हलुका रङ्ग चाँडै खुइलिन्छ। जस्तै– कसैको सुख जीवनभरि उसका साथ रहिरहन्छ भने कसैको दुःख उसको जीवनभरि उसको साथ रहिरहन्छ। कसैको कुनै सुख अल्प समयका लागि हुन्छ, अर्थात् उसको सुखको रङ्ग हलुका (कच्चा) हुन्छ भने कहिले कसैको दुःख उसका साथ लामो समयसम्म टिक्दैन, अर्थात् उसको दुःखको रङ्ग कच्चा हुन्छ।

जीवनको सुख–दुःखको रङ्ग हामीलाई कच्चा वा पक्का किन नलागोस्, तर यो हाम्रो मानसिकता र दृष्टिकोण हो कि हामी आफ्नो जीवनको सुख वा दुःखको रङ्गलाई पक्का बनाउन चाहन्छौं कि कच्चा। यदि हामी यसलाई पक्का बनाउन चाहन्छौं भने हामी त्यसबारे सोच्दछौं, त्यसका लागि सामल जुटाउँछौं, यदि हामी त्यसलाई कच्चा बनाउन चाहन्छौं भने त्यसमा बढी ध्यान दिंदैनौं। वास्तवमा सुख वा दुःखको रङ्ग हाम्रो मनमा निर्भर हुन्छ। जुन पनि परिस्थितिमा हामीलाई आनन्द महसूस हुन्छ भने त्यसले हामीलाई सुख दिन्छ र जुन पनि परिस्थितिले हामीलाई दुःखी र पीडित बनाउँछ, त्यसले हामीलाई दुःख दिन्छ।

प्रायः हामी सुखको अनुभूति बढी समयसम्म गर्दैनौं, त्यसलाई आफ्नो स्मृतिमा बढी समयसम्म सँगालेर राख्न सक्दैनौं, त्यसैले सुखको अनुभूति हामीलाई थोरै हुन्छ, त्यहीं दुःखको स्मृतिलाई, पीडाको क्षणलाई हामी आफ्नो स्मृतिमा घरीघरी कोट्याइरहन्छौं, तिनलाई घरीघरी स्मरण गरिरहन्छौं र दुःखी भइरहन्छौं। त्यसैले जीवनमा दुःखको अनुभूति बढी प्रतीत हुन्छ र यही कारण हो कि प्रायः जीवन हामीलाई दुःखको पहाड प्रतीत हुन्छ, जसमा सुख एकदमै कम हुन्छ।

जीवनमा सुखद अनुभूतिको रङ्ग हामीलाई यसै कारण बढी मन पर्छ, आनन्दित पार्दछ र प्रसन्नता दिन्छ किनकि यसविपरीत दुःखद अनुभूतिको रङ्गबाट हामी परिचित हुन्छौं, यसका दुःख, पीडा र कष्टबाट हामी परिचित हुन्छौं। यदि हामी यसबाट परिचित नभइदिएको भए शायद सुखको अनुभूतिले हामीलाई त्यति सुखी बनाउने थिएन।

यदि कसैको जीवनमा सुख नै सुख छ भने ऊ आफ्नो सुखबाट त्यति सुखी हुन पाउँदैन, जति उसलाई टाढाबाट हेर्ने व्यक्तिले उसलाई देखेर सोच्दछ कि ऊ कति सुखी छ। यसै प्रकार यदि कसैको जीवनमा दुःखैदुःख छ भने, ऊ आफ्नो दुःखबाट त्यति दुःखी हुँदैन, जति उसलाई परबाट हेर्ने मानिसलाई लाग्दछ कि ऊ कति दुःखी छ। यदि जीवनमा धेरै दुःख छ भने मानिसले त्यसबाट मुक्त हुने कुनै न कुनै तरीका खोजिहाल्छ। ऊ बिस्तारै–बिस्तारै दुःखी परिस्थितिमा बाँच्ने यति अभ्यस्त भइजान्छ कि उसका लागि कहिलेकाहीं त्यही सुखको समान हुन्छ; जबकि अन्य कुनै व्यक्तिका लागि त्यो परिस्थिति कुनै ठूलो दुःखभन्दा कम हुँदैन।

सुखको ओछ्यानमा पालिएको मानिसले दुःखप्रदत्त कष्ट सहन सक्दैन; जबकि दुःखको धरातलमा हुर्केको मानिस सुखको ओछ्यानमा आरामले बस्न सक्छ। सुख जीवनमा फूलजस्तै हो, जुन नरम र कमलो हुन्छ, तर दुःख काँडा समान हो, जसले हामीलाई काँडाले झैं घोच्छ, तर दुःखको बाटो भएर हिंड्ने मानिस यति शक्तिशाली भएको हुन्छ कि ऊ आफ्नो जीवनको कठिन मार्ग पार गर्नुका साथै सुखको मार्गमा पनि हिंडेर जीवनयात्रा पूरा गर्दछ। यसविपरीत सुखको मार्गमा हिंड्न अभ्यस्त मानिस दुःखको कन्टकपूर्ण बाटोमा हिंड्न सक्दैन।

सुख–दुःखको विविधतापूर्ण रङ्ग हाम्रो जीवनमा छ। सुख वा दुःखले सबैमा एकैनासको प्रभाव पार्दैन। कोही थोरै सुखमा पनि बढी सुखी हुन्छ भने कोही बढी सुखमा पनि थोरै सुखी हुन्छ। कसैलाई बढी दुःखले पनि थोरै मात्र दुःखी बनाउँछ भने कसैलाई थोरै दुःखले बढी दुःखी बनाउँछ। सुख वा दुःख महसूस हुनु यस कुरामा निर्भर गर्दछ कि हामी परिस्थितिलाई कसरी हेर्दछौं। उदाहरणका लागि यदि हामीले कुनै ठूलो उपलब्धिको कामना गरेका छौं, तर पाउँछौं सानो उपलब्धि भने हाम्रो खुशी अधूरै रहन्छ। यसविपरीत यदि हामीले सानै उपलब्धिको आस गरेका छौं तर ठूलो उपलब्धि प्राप्त भयो भने यसले हाम्रो खुशी दुई गुना हुन्छ।

वास्तवमा सबैमा एकजस्तो रङ्ग न सुहाउँछ, न टिक्छ नै। अँध्यारोमा जुन तस्वीर हामी देख्दछौं, वास्तवमा त्यो केही अरू नै हुन्छ। यसरी अँध्यारोमा हाम्रो वास्तविकतासँग परिचय कम नै हुन्छ र भ्रमसँग बढी आमनासामना हुन्छ। उज्यालोमा हामी वास्तविकतासँग परिचित हुन्छौं र हाम्रो भ्रम मेटिन्छ। कहिलेकाहीं बढी उज्यालोमा पनि हामीलाई भ्रम हुन्छ र हामीलाई स्पष्ट बुझिंदैन, जस्तै–मृगमरिचिकामा मृगलाई यो प्रतीत हुन्छ कि केही पर पानी छ; जबकि जहाँ उसलाई आभास भएको हुन्छ, त्यहाँ जल हुँदैन। यसरी मृग पानीको आसमा भौंतारिइरहन्छ; किनकि उसलाई पानी पाउने आस हुन्छ।

रङ्ग विज्ञानले भन्दछ सबै रङ्ग मिसाइदिने हो भने त्यसबाट सेतो रङ्ग बन्छ। उज्यालो वा किरण जब कुनै वस्तुमा पर्छ अनि त्यसको रङ्ग देखिन्छ। कुनै वस्तु त्यही रङ्गको देखिन्छ, जुन रङ्गलाई उसले परावर्तित गरेको हुन्छ। जस्तै– रातो फूल, यसले प्रकाशको रातो रङ्ग छाडेर अरू रङ्गलाई सोसिलिन्छ। हरियो घाँसले हरियो रङ्ग छाडेर बाँकी रङ्गलाई अवशोषित गरिलिन्छ।

यसैगरी, जिन्दगीमा जुन पनि रङ्ग माथि देखिन्छ, त्योभन्दा कहीं बढी रङ्ग भित्र हुन्छ। जब लाग्दछ कि हामी कुनै एक रङ्गमा अडियौं अनि बुझ्नुपर्छ, अब केही अन्य समात्ने बेला आयो। हाम्रो जीवनको क्यानभासमा त्यो रङ्ग हुनुपर्छ, जुन हामीलाई मन पर्छ। त्यो रङ्ग अरूसँग मिल्दोजुल्दो पनि हुन सक्छ र फरक पनि।

प्रसिद्ध लाइफ कोच पीटर कबैक्सीका अनुसार केवल सेतो र कालो रङ्गमा चीजलाई हेर्नुको अर्थ हो, हामी आफ्नो दिमागको पूरा उपयोग गरिरहेका छैनौं। सही फोकस बनाएर हामी जीवनमा राम्रो कोण छान्न सक्छौं।

मनोविज्ञानले भन्दछ– हामी नकारात्मकतातिर तीव्रताले अघि बढ्छौं। असल विचारको तुलनामा नराम्रो विचार तीव्र गतिमा फैलन्छ र यही कारण हो कि हामी सुख बिर्सन्छौं र दुःखलाई लामो समयसम्म समातेर राख्छौं। यसले हाम्रो दिमागमा तीतो स्मृति यति सघन हुन्छ कि हामी त्यसैमा अल्झिरहन्छौं।

कुनै पनि राम्रो विचारलाई आफ्नो मस्तिष्कमा स्थापित गर्नका लागि हामीले झन्डै पाँचवटा नराम्रा विचार त्याग्नुपर्छ। असल विचारलाई घरीघरी दोहोर्‍याउनुपर्छ, अनिमात्र कुनै एउटा राम्रो विचारले दिमागमा ठाउँ पाउँछ। 'आर वी हार्ड वायर्ड टु बी पोजिटिभ आर नेगेटिभ' लेखमा रे विलियम्स लेख्दछन्–

(बाँकी तेस्रो पातामा)

# वीरगंज : सम्भाव्यतामा अगाडि, अवसरमा पछाडि

समयान्तर



ओमप्रकाश खनाल

omkhanal@gmail.com

**जस्तै, वीरगंज–पथलैया व्यापारिक मार्ग विस्तारमा अनपेक्षित विलम्ब भइराखेको छ। निजगढदेखि काठमाडौं जोड्ने द्रुतमार्गमा भएको ढिलाइले यसको लागत मात्र बढेको छैन, यो पूरा भइसक्दा योजनाको औचित्य नै नरहने जोखिम बढेर गएको छ।**

वीरगंजको छवि औद्योगिक र व्यापारिक शहरको रूपमा स्थापित भएको छ। तेस्रो मुलुकसँगको व्यापारका लागि समुद्री मार्गसँगको निकट पहुँच, भारतीय रेलमार्गसित जोडिनु (पहिले अमलेखगंजसम्म थियो, अहिले भारतीय शहर रक्सौल र वीरगंज सुक्खा बन्दरगाहसम्म), देशको मध्यभागमा रहनुले पारवहनमा सहजताजस्ता कारणले वीरगंजलाई व्यापारका निम्ति सहज बनाएको हो। यही सहजताकै कारण वीरगंजलाई पूर्व–पश्चिम राजमार्गसम्म जोडेको भित्रुवन राजपथका दायाँ–बायाँ उद्योगहरू खुल्न थाले र आज वीरगंज मुख्य औद्योगिक कोरिडोरको रूपमा स्थापित भएको छ।

कुनै बेला वीरगंज नेपालको एकल प्रवेशद्वार थियो। अहिले अन्य नाकाहरूबाट पनि आयात–निर्यातले उल्लेख्य फड्को मारिसकेको छ। यतिसम्म कि विगतमा वीरगंजबाट हुने वैदेशिक व्यापार अहिले अन्य नाकातिर गएको देखिन्छ। वीरगंजलाई अहिलेसम्म पनि प्रवेशद्वार मान्न छोडिएको छैन।

भौगोलिक विशिष्टता र सम्भावनाहरूले यो क्षेत्रलाई आर्थिक गतिविधिको आधारको रूपमा स्थापित गरेको छ। औद्योगिक कच्चा पदार्थको आपूर्ति, उत्पादनको आन्तरिक ढुवानीदेखि निकासीसम्म यहाँबाट सहज भएपछि वीरगंज क्षेत्र औद्योगिक र व्यापारिक केन्द्र बन्न पुगेकोमा विवाद छैन। यथार्थमा वीरगंज क्षेत्र औद्योगिक र व्यापारिक केन्द्रको रूपमा अघि बढ्नुमा कुनै योजनाको योगदान छैन। भौगोलिक अवस्थितिले जुराएको अवसरलाई उपयोग गर्दै जाँदा आजको अवस्थामा आइपुगेको हो।

भन्नलाई वीरगंज क्षेत्रमा १ हजार उद्योग छन् भनिन्छ। सरकारी तथ्याङ्कले प्रदेश २ मा करीब ५ सय उद्योग दर्ता भएको देखाउँछ। यो चाहिं सत्य हो कि पछिल्ला वर्षहरूमा वीरगंजको तुलनामा अन्य क्षेत्रमा नयाँ लगानी गएको छ। व्यापारको परिणामसमेत अन्य नाकातिर मोडिनुले वीरगंजलाई नीतिगतरूपमैं पछि पार्न खोजिएको बुझ्नेहरूको पनि कमी छैन। वीरगंजको भौगोलिक सहजता र यहाँ उपलब्ध व्यापारसँग सरोकार राख्ने पूर्वाधारको सम्भाव्यतालाई भने ओझेलमा पार्न सम्भव छैन।

यो चाहिं सत्य हो कि सरकारले वीरगंज क्षेत्रको विशिष्टता दोहनमा गर्न सक्ने जति काम गरेको छैन। यो क्षेत्रका उद्यमी–व्यवसायीले वीरगंज–पथलैया क्षेत्रलाई औद्योगिक कोरिडोर घोषणा गर्न आग्रह गरेको दुई दशक बित्न लागिसक्यो, सरकारले यसको सुनुवाइ गरेको छैन। कोरिडोर घोषणा नहुँदा यो क्षेत्रमा उद्योग र मानवबस्तीबीचको द्वन्द्व चर्किंदै गएको छ। यसले औद्योगिक वातावरण बिगार्ने काम मात्र गरेको छैन, स्थानीयको स्वास्थ्य र सरोकारमा नकारात्मक प्रभाव पारिराखेको छ।

आज कोरिडोरमा नयाँ उद्योग खोल्न चाहनेका लागि जग्गाको प्राप्ति सबैभन्दा कठिन काम भएको छ। उद्योगमा चाहिने कुल लगानीको २५ प्रतिशत पूँजी जग्गामा खन्याउनुपर्ने अवस्था छ। यो सतहीरूपमा हेर्दा लगानीकर्ताको चिन्ताजस्तो देखिए पनि यसको चक्रीय प्रभाव देशको अर्थतन्त्रसित जोडिएको हुन्छ। लागतको असर वस्तुको मूल्य, प्रतिस्पर्धी क्षमता हुँदै अर्थतन्त्रका अवयवहरूसित सरोकार राख्दछ।

उत्पादनका आयामलाई महँगो राखेर प्रतिस्पर्धी र आत्मनिर्भर अर्थतन्त्रको उद्देश्य पूरा हुन सक्दैन। यसो त हाम्रो अर्थतन्त्र महँगो हुँदै गएको तथ्यलाई सरकारले स्वीकार गरेको छ। यसमा प्रभाव पार्ने पक्षहरू अनेक छन्, सरकारलाई यो पनि थाहा छ। यस्ता सरोकारलाई सहजीकरण गर्ने सन्दर्भमा सरकारी प्रयत्नबारेमा थाहा नहुनु चाहिं बुझिनसक्नु बनेको छ।

वीरगंजको भौगोलिक सम्भावना उपयोगकै निम्ति यहाँ सरोकारका पूर्वाधारको विकास र विस्तार गरिएको बुझ्न धेरै दिमागी कसरतको खाँचो पर्दैन। वीरगंज नाकाको छेउमैं (रक्सौलसम्म) रेलमार्ग विस्तार मात्र भएन, समयान्तरमा वीरगंजमा निर्माण भएको सुक्खा बन्दरगाहसम्म रेलमार्ग जोडियो। पूर्वाधार र क्षमतामा सबैभन्दा ठूलो एकीकृत जाँच चौकी यहीं निर्माण गरिएको छ। आज यी दुवै संरचनाको क्षेत्रफल र क्षमता विस्तारको कुरा उठिराखेको छ।

वीरगंज क्षेत्रको औद्योगिक र निर्यात व्यापारको सम्भाव्यतालाई ध्यानमा राखेरै बाराको सिमरामा विशेष आर्थिक क्षेत्र निर्माणको योजना बनाइएको हो। प्रस्तावित विशेष आर्थिक क्षेत्र हातामैं सरकारले गार्मेन्ट प्रोसेसिङ क्षेत्र बनायो। यसमा उद्योगी आकर्षित नभएपछि सरकारले संरचना नै खारेज गरिसकेको छ। गार्मेन्ट प्रोसेसिङ क्षेत्रमा लगानी नआउनुका पछाडि सरकारी नीति नै मुख्य दोषी देखिएको छ।

विशेष आर्थिक क्षेत्र निर्माण प्रस्तावमैं अल्मलिएको छ, अघि बढ्न सकेको छैन। यस्ता कैयौं पूर्वाधारका योजना छन्, जो वीरगंजको सम्भावना दोहनका साधन बन्न सक्छन्। जस्तै, वीरगंज–पथलैया व्यापारिक मार्ग विस्तारमा अनपेक्षित विलम्ब भइराखेको छ। निजगढदेखि काठमाडौं जोड्ने द्रुतमार्गमा भएको ढिलाइले यसको लागत मात्र बढेको छैन, यो पूरा भइसक्दा योजनाको औचित्य नै नरहने जोखिम बढेर गएको छ।

विगतमा द्रुतमार्ग निर्माणमा भइरहेको ढिलाइको विरोधमा स्थानीय बासिन्दाले प्रदर्शन नै गरेका थिए। द्रुतमार्ग र विमानस्थलको शीघ्र निर्माणका लागि दबाब दिन सङ्घर्ष समिति बनाइएको थियो। सरकारले द्रुतमार्ग निर्माणको जिम्मा नेपाली सेनालाई दिए पनि प्रगति सुस्त देखिएको छ। लगानीकर्ताले द्रुतमार्ग र सँगै योजनामा राखिएको निजगढ विमानस्थललाई व्यावसायिक दृष्टिले एकअर्काको पूरकको रूपमा हेरेका छन्। दुवै योजना ढिलासुस्तीको शिकार भएका छन्। निजगढ विमानस्थलमा अझै पनि वातावरणको विषय किचलो बनिराखेको छ। यस्ता संरचनाको प्रभावकारी उपयोग, क्षमता विस्तार र सरोकारका अन्य योजनाहरूको पूर्णतामा सरकार उदासीन देखिएको छ।

विकासका सन्दर्भमा वीरगंजको विशिष्टता दोहन सबैले स्वीकार गरेको विषय हो। नेतृत्वको उदासीनताले सदुपयोग भएको छैन। विभिन्न बहानामा वीरगंजको महत्त्वलाई कमजोर तुल्याउने उपक्रम भने चलिराखेको छ। आर्थिक कारोबार र आपूर्तिमा अग्रस्थानमा रहेको वीरगंज क्षेत्र पछिल्लो समयमा राजनीतिक दाउपेच र आन्तरिक/बाह्य रुचिको चेपुवामा परेको छ। वीरगंजको विडम्बना कतिसम्म भने सरकारसित असन्तुष्ट पक्षका लागि सरकारलाई गलाउने औजारसमेत यही विशिष्टतालाई बनाइयो। तत्कालीन मधेसवादी दलहरूले यो औद्योगिक र व्यापारिक केन्द्रलाई ६ महीनासम्म आन्दोलनको केन्द्र बनाएको परिदृश्य पुरानो भइसकेको छैन।

संविधानका अन्तर्वस्तुमा देखिएका असन्तुष्टि वीरगंज नाका र यहाँका सडकमा पोखिनुको पछाडि वीरगंजको यही विशिष्टता नै कारण थियो। उत्पादन र आपूर्तिको केन्द्रको रूपमा स्थापित वीरगंजलाई ठप्प पार्दा सत्तालाई सहजै गलाउन सकिन्छ भन्ने मनोविज्ञानले वीरगंजलाई आन्दोलनको केन्द्र बनाइएको थियो। भलै, त्यो आन्दोलनको उपलब्धि र औचित्यबारे धेरै प्रश्न आज पनि अनुत्तरित नै छन्। आन्दोलनबाट वीरगंजले के पायो ? वीरगंजको विशेषतामा ६ महीनासम्म भएको तत्कालीन प्रहारले यो औद्योगिक र व्यापारिक शहरका सम्भाव्यतालाई सकसमा धकेलेको छ।

एउटा राजनीतिक शक्ति तत्कालीन अवस्थादेखि अहिलेसम्म सत्ता राजनीतिमा पकड जमाएर बसेको छ। यो राजनीतिले मधेस राजनीतिको तुरूपको रूपमा रहेको वीरगंजको महत्त्वलाई ओझेलमा पार्ने मनसायबाटै यो क्षेत्रका सम्भाव्यता धमिल्याउने काम गरिरहेको कतिपय राजनीतिकर्मीहरूकै बुझाइ छ। वीरगंज क्षेत्रमा खास आवश्यकताको सम्बोधनमा देखिएको निरन्तर उदासीनताले यो आशङ्कालाई बल दिएको छ। वीरगंजको सबल पक्षलाई नै दुर्बल बनाएर भविष्यमा त्यस्ता अवरोधको आधार पनि स्वतः कमजोर हुने राजनीतिक बुझाइ हुन सक्छ।

वीरगंजको सम्भाव्यता उपयोगका लागि केही वर्षअघि 'ग्रेटर वीरगंज'को अवधारणा ल्याइएको थियो। त्यसअघि पर्सा भिजनको चर्चा थियो। विकासका यस्ता अवधारणा निजी क्षेत्रका सङ्घसंस्थाले ल्याउने र सरकारले त्यसको खूबै प्रशंसा गर्ने कामको पुनरावृत्ति मात्र भइराखेको छ। कुनै पनि विकास अवधारणा जसले ल्याए पनि त्यसको औचित्य कार्यान्वयनमा भर पर्दछ। यस्ता उद्देश्यकेन्द्रित अवधारणा र योजनाको कार्यान्वयन सरकारले गर्नुपर्दछ। सरकार जति आर्थिक विकास र समृद्धिका कुरा गर्दछ, त्यसको कार्यान्वयनमा त्यति नै पछाडि फर्किएको भान हुन्छ। यो हामीले देखेको समृद्धिको सपना र त्यसको रूपान्तरणबीचको कटु विरोधाभास हो।

खासमा वीरगंजले सक्षम नेतृत्वको अभाव भोगिराखेको छ। मुलुकको आर्थिक मामिलामा महत्त्वपूर्ण योगदान दिंदै आएको वीरगंजले आजसम्म केन्द्रीय राजनीति र नीति निर्माणमा दबाब बनाउन सक्ने ल्याकतको नेता उत्पादन गर्न सकेको छैन। औसत नेतृत्व वैयक्तिक स्वार्थमा चुर्लुम्म डुबेको छ। यस्तो नेतृत्व जसले वीरगंज क्षेत्रको बृहत्तर हितलाई आफ्नो राजनीतिक एजेन्डा बनाउन सकोस्, यसको अभाव खट्किएको छ। राष्ट्रिय ढुकुटीमा उल्लेखनीय योगदान पुर्‍याएको वीरगंजका आर्थिक, सामाजिक र राजनीतिक आयामहरू उपेक्षित बनेका/बनाइएका छन्।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## जापानमा सङ्कटकालको घोषणापछि थप त्रास

टोकियो, ११ वैशाख/सिन्ह्वा

जापानका प्रधानमन्त्री योशिहिदे सुगाले कोभिड–१९ भाइरसको महामारी तीव्ररूपमा फैलिएपछि फेरि पनि सङ्कटकालको घोषणा गरेका छन् ।

प्रधानमन्त्री सुगाले शुक्रवार जापानको राजधानी टोकियोसहितका क्षेत्रमा फेरि सङ्कटकालको घोषणा गरेको अधिकारीले जानकारी दिएका छन् ।

उनले जापानको राजधानी टोकियो र अरू केही पश्चिमी प्रान्त ओशाका, क्योटो र ह्योगोमा सङ्कटकालको घोषणा गरेका हुन् ।




जापानको ओशाका रेलवे स्टेशनबाट बाहिरिंदै एक महिला । शुक्रवारदेखि यहाँ सङ्कटकाल घोषणा गरिएको छ । तस्वीरः रायटर्स

शुरूका महीनामा यहाँ यो महामारी फैलिएको थिएन । प्रभावकारीरूपमा जापानमा महामारीको नियन्त्रण भइरहेको बताइएको थियो ।

पछिल्लो समयमा कोरोना भाइरसको नयाँ प्रजातिको जीवाणु देखिएपछि भने यहाँ महामारी तीव्र बन्दै गएको बताइएको छ । यो महामारी थप नफैलियोस् भन्ने उद्देश्यले यहाँ सङ्कटकाल घोषणा गरिएको अधिकारीले जानकारी दिएका छन् ।

प्रधानमन्त्री सुगाले हिजो घोषणा गरेको सङ्कटकाल आगामी मे ११ सम्म लागू हुने बताइएको छ । यहाँ सङ्कटकालको घोषणा भएपछि बार तथा रेस्टुरेन्टलाई मादक पदार्थ बिक्री वितरण नगर्न कडा प्रतिबन्ध लगाइएको छ भने ठूला व्यावसायिक प्रतिष्ठान पनि बन्द हुनेछन् ।

दोस्रोपटक पनि यहाँ सङ्कटकालको घोषणा भएपछि यहाँका मानिसमा थप त्रास फैलिएको बताइएको छ । रासस

## भारतमा एकै दिन साढे तीन लाख सङ्क्रमित

नयाँ दिल्ली, ११ वैशाख/एएनआई

भारतमा कोरोना भाइरसबाट एकै दिन सङ्क्रमित भएकाको सङ्ख्या साढे तीन लाख पुग्न लागेको छ ।

सरकारी अधिकारीले दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा भारतमा तीन लाख ४७ हजार ७८६ जना सङ्क्रमित भएका हुन् ।

यो सङ्ख्या कोरोना भाइरसको महामारी शुरू भएदेखिकै सबैभन्दा धेरै भएको पनि अधिकारीले जनाएका छन् ।

केन्द्रीय स्वास्थ्य मन्त्रालयका अधिकारीले पछिल्लो एक दिनमा दुई हजार ६२४ जनाको मृत्यु भएको विवरण सार्वजनिक गरेका छन् ।

योसँगै भारतमा कोरोना भाइरसबाट अहिलेसम्म कुल एक लाख ८९ हजार ५४४ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । भारतमा अहिलेसम्म कुल एक करोड ६६ लाख १० हजार ४८१ जना कोरोना भाइरसबाट सङ्क्रमित भएको पाइएको छ ।

कुल सङ्क्रमितमध्ये २५ लाख ५२ हजार ९४० जना अझै पनि सङ्क्रमित अवस्थामैं रहेको मन्त्रालयको तथ्याङ्क छ ।

त्यसैगरी, अहिलेसम्म एक करोड ३८ लाख ६७ हजार ९९७ जना सङ्क्रमणमुक्त भइसकेका छन् । तीमध्ये दुई लाख १९ हजार ८३८ जना पछिल्लो एक दिनमा सङ्क्रमणमुक्त भएका हुन् ।

भारतमा गत जनवरी १६ देखि कोरोना भाइरसविरुद्धको खोप अभियान चलिरहे पनि भाइरसबाट सङ्क्रमित र मृतकको सङ्ख्यामा दिन प्रतिदिन वृद्धि हुँदै गएको छ । रासस

## साइप्रसमा फेरि लकडाउन लगाइने

निकोसिया, ११ वैशाख/सिन्ह्वा

कोरोना भाइरसको महामारीबाट अति प्रभावित मुलुक साइप्रसमा फेरि लकडाउन लागू हुने भएको छ ।

सरकारले अहिले फेरि घोषणा गरेको लकडाउन यही अप्रिल २६ तारिखदेखि लागू हुने पनि अधिकारीले जानकारी दिएका छन् ।

कोरोना भाइरसको महामारी फेरि तीव्ररूपमा फैलिएर धेरै मानिस सङ्क्रमित हुने र धेरैको मृत्यु हुने गरेकाले फेरि लकडाउन लगाउनुपरेको उनीहरूको भनाइ छ ।

खाद्य तथा पेय पदार्थ बिक्री वितरण गर्ने पसललगायत सबै व्यावसायिक स्थल तथा कार्यालय बन्द गरिने निर्णय भएको एक मन्त्रीले जानकारी दिएका छन् ।

त्यसैगरी, होटल, रेस्टुरेन्ट, बार, क्याफे, सैलुन, ब्यूटिपार्लर, जिम तथा डान्स स्कूल पनि बन्द गर्ने निर्णय भएको उनले बताए ।

स्थानीय समय अनुसार राति ९ देखि बिहान ५ बजेसम्म कर्फ्यूसमेत लागू हुने अधिकारीले जानकारी दिएका छन् । लकडाउनको बेलामा थिएटर र चलचित्र घरसमेत बन्द गरिने भएको छ ।

भीडभाड गर्न तथा भेला हुन प्रतिबन्ध लगाउन थालिएको छ भने कतै हिंड्नुपरेमा अत्यावश्यक परेकालाई मात्रै अनुमति दिइने भएको छ ।

कामदारलाई सकेसम्म निवासबाटै काम गर्न वा काम गर्ने ठाउँमैं बस्न प्रोत्साहन गर्ने नीति सरकारले लिएको छ । रासस

## ब्रजीलमा कोभिडबाट तीन हजारजनाको मृत्यु

साओ पाओलो, ११ वैशाख/सिन्ह्वा

ब्रजीलमा गएको २४ घण्टायता कोभिड–१९ को सङ्क्रमणबाट यहाँका करीब तीन हजार नागरिकको मृत्यु भएको छ ।

ब्रजीलको स्वास्थ्य मन्त्रालयले दिएको जानकारी अनुसार शुक्रवार मात्र यहाँ अघिल्लो २४ घण्टामा कोभिड–१९ को सङ्क्रमणमा परेका दुई हजार ९१४ जनाको एकै दिनमा ज्यान गएको हो ।

योसँगै ब्रजीलमा कोभिडको प्रकोपबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या तीन लाख ८६ हजारभन्दा बढी पुगेको पनि सो मन्त्रालयले जानकारी दिएको छ ।

त्यसैगरी, सोही अवधिमा थप ६९ हजारभन्दा बढीमा कोरोना भाइरस सङ्क्रमण देखिएको पनि मन्त्रालयले जनाएको छ ।

कोरोना भाइरसको सङ्क्रमण शुरू भएबाट ब्रजीलमा हालसम्म एक करोड ४२ लाख ३७ हजारजनाभन्दा बढीमा सो सङ्क्रमण भएको बताइएको छ ।

स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो समय ब्रजीलमा कोरोना भाइरसको नयाँ प्रजातिका साथै नयाँ–नयाँ लहर आइरहेका छन् ।

अस्पतालले बिरामीको चाप थेग्न नसकेपछि उपचारमा समस्या भएको जनाइएको छ ।

यस देशमा कोरोना भाइरसबाट सबैभन्दा बढी प्रभावित राज्यका रूपमा साओ पाओलो रहेको छ । साओ पाओलोमा मात्र ९२ हजारभन्दा बढी नागरिकको ज्यान गएको छ ।

त्यसैगरी, सो राज्यमा करीब २९ लाख नागरिक कोरोना भाइरसबाट सङ्क्रमित भएका छन् । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – ज्ञानोदय |
| मिथुन – भयचिन्ता | कर्कट – मित्रमिलन |
| सिंह – अतिथिआगमन | कन्या – सुयश |
| तुला – अलमल | वृश्चिक – धनलाभ |
| धनु – सफलता | मकर – प्रगति |
| कुम्भ – वादविवाद | मीन – व्यापारवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## धरहरा निर्माणले खुशीको अनुभव –प्रधानमन्त्री ओली

काठमाडौं, ११ वैशाख/रासस

प्रधानमन्त्री केपीशर्मा ओलीले नेपालीको भावना र गौरव, अतीत र इतिहास जोडिएको धरहरा निर्माण सम्पन्न हुँदा खुशी अनुभव भएको बताएका छन् ।

६ वर्षअघिको भूकम्पले भत्किएको धरहरानजीकै बाहिरी आवरण उस्तै देखिने धरहरा निर्माणपछि शनिवार आयोजित उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले इतिहाससँग जोडिएको ऐतिहासिकस्थल पुनर्निर्माण हुनु देशकै लागि गौरवको विषय भएको बताए ।

"इतिहास झल्कने, आधुनिकता टल्कने गरी धरहरा पुनर्निर्माण भएको छ, सुन्दर, आकर्षक र मजबूत धरहरा चढ्दा आइफल टावर चढेजस्तै अनुभव भयो, आइफल टावरमा जस्तै हावा धरहराको २०औं तलामा आएको छ, यो काठमाडौं र नेपालको परिचयका रूपमा विश्वमा चिनिनेछ, मैले २०७२ फागुन ४ गते 'म बनाउँछु, मेरो धरहरा' अभियान चलाएको थिएँ, त्यसअनुरूप यो निर्माण हुन नसके पनि बन्दा सबैलाई खुशी लागेको छ," प्रधानमन्त्री ओलीले भने ।

म बनाउँछु, मेरो धरहरा अभियान अन्तर्गत रु २४ करोड जम्मा भएको पनि उनले कार्यक्रममा सुनाए । धरहरा ढल्दा हामीलाई आफैं ढले जस्तो र ठडिंदा हामी बौरिएर उठेजस्तो अनुभव भएको धेरैले सुनाउने गरेको प्रधानमन्त्री ओलीले बताए । आधुनिक सामग्री प्रयोग गरेर नभत्किने खालको धरहरा निर्माण भएको जानकारी कार्यक्रममा गराइएको थियो ।

२०७२ वैशाख १२ गते धरहरा ढलेर निधन भएका ६० जनाको परिवारका एक/एक जना सदस्यलाई धरहरा परिसरमा निर्मित संरचनाका लागि आवश्यक जनशक्तिका रूपमा रोजगार दिने घोषणा पनि प्रधानमन्त्री ओलीले गरेका छन् । धरहरा क्षेत्रमा मिल्ने रोजगार नभएमा अन्यत्र पनि मृतकका परिवारलाई प्राथमिकताका साथ रोजगार दिने उनको प्रतिबद्धता छ ।

"विसं २०७८ मा राजधानीका सडकलाई सहयोगापेक्षी, बालबालिका र भिखारीमुक्त हुने गरी स्थापित गर्न लागिएको छ, अब कोही अलपत्र हुन्न, सरकारले अभिभावकत्व लिन्छ," प्रधानमन्त्री ओलीले भने ।

खनिज एवं प्राकृतिक सम्पदाले युक्त नेपाललाई सम्पन्न र दाता राष्ट्रका रूपमा अघि बढाउने योजनामा सरकार लागेको उनको भनाइ थियो । मोबाइल, कम्प्युटर, टेलिभिजनजस्ता जनतालाई आवश्यक सामग्री देशमैं उत्पादन गर्ने गरी उत्पादक देशका रूपमा स्थापित गर्न लागिएको प्रधानमन्त्री ओलीले बताए ।

आयोजक राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले सुन्धाराको ४२ रोपनी क्षेत्रफलमा भूकम्प एवं चारतले मुद्रा सङ्ग्रहालय, २४सैं घण्टा पानी खस्ने सुन्धारा, घुम्न आउने आगन्तुकका पार्किङस्थललगायत संरचना पनि निर्माण भइरहेको बताए ।



प्रधानमन्त्री केपीशर्मा ओली सुन्धारास्थित नवनिर्मित धरहरा उद्घाटन समारोहमा । तस्वीरः रासस

## सुख-दुःख......

सूक्ष्मतापूर्वक हामी मनको नकारात्मकता पन्छाउँदै जान्छौं र राम्रो क्षणमा पनि नराम्रा वा बेकारका कुरा सोचिरहन्छौं र अनि गुनासो गर्न थाल्छौं, जीवन यति जटिल किन छ ।

प्रत्येक दिन सूर्योदय हुन्छ र अस्त हुन्छ, तर प्रत्येक दिनको नजारा फरक हुन्छ । प्रकृति त रङ्गहरूको खजाना हो । यसले सहज प्रत्येक दिन अनेक रङ्ग परिवर्तन गर्दछ र सधैं नवीन रूप धारण गरेर आउँछ । यदि हाम्रो जीवनमा हालत मुश्किल छ भने, यो पनि तय छ कि त्यो सधैं एकसमान रहँदैन । दुःख, कष्ट र सुखको कुनै स्थायी रङ्ग हुँदैन, त्यसमा परिवर्तन निश्चित छ । त्यसैले यदि विपरीत अवस्थामा हामीलाई केही बुझिंदैन, हामी केही गर्न सकिरहेका हुँदैनौं, त्यस बेला आफूसँग जे छ, त्यसलाई सँगालेर उज्यालोको प्रतीक्षा गर्नुपर्छ र अनुकूल रङ्ग आफूसँग जोडिएको हेर्नुपर्छ ।

जिन्दगीमा आफ्नो परिस्थितिबाट जोगिने र डराउनाले केही हासिल हुँदैन; किनकि हामीले आफ्नो जीवनको वास्तविक रङ्गमा बाँच्न सिक्नुपर्ने हुन्छ । जबरजस्ती ओढेको रङ्ग धेरै दिन टिक्दैन । डराइ–धम्काइ वा भ्रममा पारेर अरूले चढाएको रङ्ग पनि समय आएपछि खुइलिन्छ । यस्तो रङ्ग उकासिंदैन, वरन् खुइलिएर जान्छ ।

त्यसैले यदि हामी आफ्नो जीवनको रङ्ग अरूको जीवनमा पनि लगाउन चाहन्छौं भने हामीले पनि अरूको रङ्ग स्वीकार गर्न सक्नुपर्छ । यदि हामी आफ्नो जीवनको रङ्ग उन्मुक्त भावले जिउन चाहन्छौं भने हामीले अरूको जीवनको रङ्ग र उनीहरूलाई प्रसन्न भावले जिउनका लागि स्वतन्त्रता दिनुपर्छ ।

रङ्ग त्यही पक्का हुन्छ, जुन जीवनको प्राकृतिक र वास्तविक रङ्ग हुन्छ र त्यही रङ्ग कच्चा हुन्छ, जुन बनावटी, कृत्रिम र नकली हुन्छ । त्यसैले हामीले आफ्नो जीवनको वास्तविक रङ्गलाई चिन्ने र त्यसलाई उजिल्याउने कोशिश गर्नुपर्छ । जीवनमा जुन पनि रङ्ग उकासिएर आउँछ, त्यही रङ्ग स्थायी हुँदैन, अपितु त्यस रङ्गभित्र लुकेका अनेक यस्ता रङ्ग हुन्छन्, जुन समयक्रममा उकासिंदै जान्छन् । त्यसैले समयका साथ हुने परिवर्तनलाई हामीले स्वीकार गर्नुपर्छ र जीवनको रङ्गको आनन्द लिनुपर्छ ।


### प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नेबारेको सार्वजनिक सूचना

**प्रकाशित मितिः २०७८/०१/१२**

**प्रस्तावः राधे कृपा हाउसिङ्ग संयुक्त आवास योजना**
**प्रस्तावकः राधे कृपा हाउसिङ्ग इन्भेस्टमेन्ट्स प्रा. लि.**
**प्रस्तावको बेहोरा : ११ आवास एकाइ भएको कृपा आवास भवन**
**प्रस्ताव कार्यान्वयन हुने स्थानः वीरगंज महानगरपालिका वडा नं ३, पर्सा**

वीरगंज महानगरपालिका वडा नं ३, पर्साको कि.नं. ११६, ११७, ३३५, १७५, ६६, १७४ र ९४ को कुल क्षेत्रफल ३०१८.६४ स्क्वायर मिटरमा निर्माण गर्न लागिएको ११ आवास एकाइको राधे कृपा हाउसिङ्ग नामक संयुक्त आवासको कृपा भवनको प्रारम्भिक वातावरणीय परीक्षण (IEE)को प्रतिवेदन तयार गर्नुपर्ने भएकोले सो भवन निर्माणबाट भौतिक, जैविक, सामाजिक, आर्थिक एवं सांस्कृतिक प्रणालीहरूमा के कस्ता असरहरू पर्दछन्, सोबारे लिखित राय सुझावसहित १५ (पन्ध्र) दिनभित्र आइपुग्ने गरी निम्न ठेगानामा पठाइदिनुहुन वातावरण संरक्षण नियमावली २०७७ को नियम २ को दफा (६) को उपदफा (४) अनुसार यो सूचना प्रकाशित गरिएको छ ।

**राय सुझाव दिने ठेगाना**
**राधे कृपा हाउसिङ्ग इन्भेस्टमेन्ट्स प्रा. लि.**
वीरगंज महानगरपालिका वडा नं ३, आदर्शनगर, पर्सा
फोन नं. : ०५१–५२४९७९, ०५१–५२४९८०, इमेलः globallg@yahoo.com



नेपाल सरकार
कृषि तथा पशुपक्षी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना कार्यान्वयन एकाइ, पर्सा

### आर्थिक प्रस्ताव पेश गर्नेसम्बन्धी सूचना

दोस्रोपटक प्रकाशित २०७८/०१/१२

प्रस्तुत विषयमा यस कार्यालयको आव २०७७।७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलबमोजिमका कृषि औजार उपकरणहरू ५० प्रतिशत अनुदानमा वितरणको लागि मिति २०७७।१२।२६ गते प्रथमपटक प्रकाशित सूचना अनुसार पर्याप्त सङ्ख्यामा आर्थिक प्रस्ताव प्राप्त नभएकाले यस कार्यालयबाट प्राविधिक स्पेसिफिकेशनसहितको आर्थिक प्रस्ताव फारामहरू निश्शुल्क प्राप्त गरी यो सूचना प्रकाशन भएको मितिले ७औं दिन दिउँसो १२:०० बजेभित्र उक्त सामग्रीहरू आपूर्ति गर्ने आधिकारिक उत्पादक/विक्रेता र सप्लायर्सहरूले सिलबन्दी सूचीकृत तथा आर्थिक प्रस्ताव पेश गर्नुहुन यो सूचना दोस्रोपटकको लागि प्रकाशित गरिएको छ । प्राप्त प्रस्तावहरू सोही दिन दिउँसो २:०० बजे खोलिनेसमेत जानकारी गराइन्छ । अन्तिम दिन सार्वजनिक बिदा परेमा सो कार्यहरू बिदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

**तपसिल**

१. पम्पसेट, २. मोटर, ३. डिजिटल काँटा, ४. स्प्रेयर, ५. तीनपाङ्ग्रे ढुवानी रिक्शा, ६. प्लास्टिक क्रेट, ७. मिनिटिलर, ८. पावरटिलर, ९. पावरविडर, १०. ड्याङ्ग बनाउने मेशिन ।

**नोटः थप जानकारीको लागि कार्यालयको सम्पर्क नं ९८५५०३६४१२, ९८५५०३६४१५**

# गरुडा–वीरगंज सहायक मार्गको शिलान्यास

प्रस, गरुडा, ११ वैशाख/

शहरी विकासमन्त्री प्रभु साहले पूर्व–पश्चिम राजमार्ग र हुलाकी राजमार्गको बीचमा वैकल्पिक मध्यतराई लोकमार्गको रूपमा विकास गर्ने सम्भावनासहितको गरुडा–कटहरिया–मलाही–गंजभवानीपुर–कलैया–वीरगंज रूटको एक खण्डको शिलान्यास गरेका छन् ।



कार्यक्रममा मन्तव्य व्यक्त गर्दै शहरी विकासमन्त्री प्रभु साह । तस्वीरः प्रतीक

चालू आर्थिक वर्षको बजेटमा गरुडा–वीरगंज सहायक राजमार्ग नाम दिइएको र ८ करोड रुपैयाँ विनियोजनसमेत गरिएकोमा पहिलोचोटि यस सडकको औपचारिक शिलान्यास गरिएको छ । बाराको मलाहीदेखि रौतहटको कटहरिया खण्डसम्म अत्यन्तै खराब रहेको र जनस्तरबाट नयाँ स्वरूपमा सडक निकालिसकिएको सन्दर्भमा शहरी विकास मन्त्रालयबाट सडकको स्तरोन्नति र उच्च गुणास्तरको कालोपत्रे गर्ने गरी शनिवारबीच रौतहटको सन्तपुरमा शिलान्यास गरिएको छ ।

सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरले मलाहीदेखि कटहरियासम्मको ६ किमी ६१० मिटर लम्बाइको ११ मिटर चौडा सडकमा ७ मिटर कालोपत्रे हुने गरी सम्झौता भएको मितिले एक वर्षमा काम सम्पन्न गर्ने गरी १९ करोड ९८ लाख १४ हजार ७९८.४४ रुपैयाँको टेन्डर आह्वान गरिसकेको छ । चालू आवमा ८ करोड रुपैयाँ मात्र विनियोजन गरिएको भएपनि मन्त्रालयले सडकको अवस्था देखेर सर्वे गराइ लगत इस्टिमेट बनाएर तत्काल काम अगाडि बढाउने गरी करीब बीस करोड रुपैयाँ लागतको टेन्डर आह्वान गरिसकेको छ । अन्तिम चरणमा टेन्डरको प्रक्रिया रहेकोले समयमैं र गुणस्तरीय काम गराउन सडक डिभिजन कार्यालय अत्यन्त गम्भीर भएर लाग्ने कार्यालय प्रमुखले बताए ।

सडकको निर्माण र सडकको बाँकी भागको काम पनि आगामी आवमा पूरा हुने सङ्केत मन्त्री साहले गरेका छन् । गरुडासम्म सडक बन्ने सम्पूर्ण पूर्वाधार तयार भइसकेको र गरुडालाई समनपुरसित जोड्दै वाग्मतीमा पुल निर्माण हुनासाथ बरहथवासित पनि जोडिने बताएका छन् । गरुडालाई मध्य सर्लाहीसित जोड्न वाग्मती नदीमा दुईवटा पुल निर्माणको अन्तिम अवस्थामा रहेकाले सर्लाहीका अधिकांश नागरिकलाई वीरगंज आवतजावत गर्न मध्यतराई लोकमार्ग सुन्दर विकल्प बन्न लागेको मन्त्री साहले बताए ।

महेन्द्र राजमार्ग जङ्गलैजङ्गल र हुलाकी राजमार्ग सीमा भएर गएकाले मध्यतराई लोकमार्गको परिकल्पना गरी सानोसानो खण्डमा विभिन्न चरणमा आफ्नो नेतृत्वमा काम भएको र अब चार जिल्लालाई जोड्ने मध्यतराई लोकमार्गको रूपरेखा तयार भइसकेको मन्त्री साहको भनाइ छ ।

सडक सञ्जालले स्थानीयको पहुँच विस्तार हुने भएकोले काठमाडौंलाई तराईसित जोड्ने द्रुतमार्गसित सीधा हुने गरी भारतको सीमासम्म सन्तपुर भएर नै सडकको सम्पूर्ण पूर्वाधार आफ्नो नेतृत्वमा तयार भइसकेकोले द्रुतमार्गको निर्माण पूरा हुनासाथ भारत र नेपाल दुवैतिर नयाँ भन्सारको स्थापना हुने तथा भारतसितको व्यापारमा पनि रौतहटले फड्को मार्ने बताएका छन् ।

साना र ठूला सयकडौं सडकको सञ्जाल खडा गरेको जानकारी गराउँदै साहले हरेक गाउँलाई राजमार्गसित जोड्ने काममा शहरी मन्त्रालय लागिपरेको पनि बताएका छन् । सडक र नाला निर्माणमा नागरिकको चाहनाबमोजिम विकास भइरहेको भएपनि केही प्रतिक्रियावादीले अनेक बहानामा रोक्ने काम गरिरहेका तर अहिलेसम्म जनताकै सहयोगको कारण प्रतिक्रियावादी सफल नभएको मन्त्री साहले बताए ।

नेपाल सरकारको समृद्ध नेपाल र सुखी नेपालीको उद्देश्यलाई पूरा गर्न शहरी मन्त्रालयले हरेक किसिमले लागेर पूरा गरिरहेको बताउँदै मन्त्री साहले अबको समय विकासमा सबैले सहयोग गर्नुपर्ने भएको बताए ।

शुक्रवार मात्र गरुडा नगरपालिकाको वडा नं ५, ६ र ७ मा सडक तथा नालाका विभिन्न सञ्जालको करीब रु २० करोडको लागतमा हुने योजनाको शिलान्यास भएको थियो ।

## आगलागी हुँदा लाखौंको क्षति

प्रस, रौतहट, ११ वैशाख/

रौतहट जिल्ला दुर्गाभगवती गाउँपालिका–४ छतौना टोलमा आगलागी हुँदा लाखौंको क्षति भएको छ ।

शुक्रवार राति १२ बजे गाईंभैंसी गोठसमेतको घरमा आगलागी भएको थियो । स्थानीय बिगु बैठाको खपडा र फुसको घरमा आगलागी हुँदा एउटा गोरू जलेको र दुईवटा गोरू र एउटा घाइते भएका छन् । घरमा राखेको धान, गहुँ, दाल, लहसुन, लत्ताकपडा, गरगहना, आदि गरेर लाखौंको क्षति भएको स्थानीयहरूले बताएका छन् ।

पशुलाई मच्छरबाट जोगाउन बालिएको घुरबाट आगलागी भएको बताइएको छ ।

## तीन स्थानमा रक्तदान....

रक्तदान गरेका प्राविधिक प्रमुख पाण्डेयले बताए ।

यसैगरी, वार्षिकोत्सवमा लिङ्करोड घण्टाघरमा वीरगंज बचत तथा ऋण सहकारी संस्था (बिस्को)ले आयोजना गरेको रक्तदान कार्यक्रममा दीपकराज कुँवर, दिपेश कार्की, सोनु साह, गीता पौडेल, इन्दिरा रिजाल, अशोक पौडेललगायत २२ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्रमुख उदयराज शर्माले बताए ।

यसैगरी, वीरगंज महानगर–२४ बहुअरीमा सोशल क्लबले आयोजना गरेको रक्तदान कार्यक्रममा अनिल ठाकुर, रितेश पासवान, अमित पटेल, प्रदीप यादवलगायत १५ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए ।




# खेलकूदको संसार

## परवानीपुर गोल्डकप फूटबल शुरू

## प्रदेशमा खेलकूद विकासको लागि सरकार प्रतिबद्ध

प्रस, परवानीपुर, ११ वैशाख/

शक्ति युवा क्लब र परवानीपुर युवा क्लबको आयोजनामा प्रथम त्रिशक्ति सिमेन्ट परवानीपुर गोल्डकप शनिवारदेखि शुरू भएको छ । वीरगंज–२१ परवानीपुरको खेलमैदानमा शुरू भएको प्रतियोगिताको उद्घाटन प्रदेश २ का भौतिक पूर्वाधार विकासमन्त्री जीतेन्द्र सोनलले गरेका थिए । प्रतियोगिता उद्घाटनपछि उनले प्रदेश सरकार प्रदेश २ को खेलकूद विकासको लागि प्रतिबद्ध रहेको बताए । उनले परवानीपुर खेलकूद मैदान ऐतिहासिक मैदान भएको र करीब एक दशकदेखि बन्द रहेको फूटबल प्रतियोगिता परवानीपुरमा हुनुले खुशी लागेको बताए । उनले कोरोना महामारी जस्तै रोग व्याधिलाई खेलकूदले टाढा भगाउने तथा आजको तनावको युगमा शारीरिक व्यायाम तथा खेलकूद अहम् भएकोमा उनले जोड दिए । खेलाडी राष्ट्रको गहना भएकाले स्थानीयस्तरमा खेलाडीको सम्मान र खेल्ने अवसर सृजना भएमा खेलाडी उत्पादन गर्दै देशका लागि खेलकूदले फड्को मार्ने उनको भनाइ थियो ।



उद्घाटन कार्यक्रममा मन्त्री जीतेन्द्र सोनल । तस्वीरः प्रतीक

उद्घाटन खेलमा वीरगंज युथ क्लबले नेपाल फूटबल सङ्घ रौतहटलाई १ गोलअन्तरले पराजित गरेको थियो । खेल शुरू भएको १५औं मिनेटमा डिबक्सभित्र आदित्य शाक्यले दिएको पासलाई श्रीजन शाक्यले गोलमा परिणत गरेका थिए । त्यसपछि रौतहटले गोल फर्काउन कडा परिश्रम गर्दासमेत गोल फिर्ता गर्न सकेन । त्यही एक गोल नै निर्णायक गोल बनेको थियो ।

आइतवार अपराह्न ४ बजे धनुषा र वीरगंज युनाइटेडबीच हुने आयोजकले जनाएको छ । वैशाख १८ गतेसम्म चल्ने प्रतियोगितामा प्रदेश २ का ६, बर्दिबास एपिएफ र हेटौंडा फूटबल एकेडेमी गरी ८ वटा टीमको सहभागिता छ । प्रतियोगिताको विजेताले १ लाख र उपविजेताले ५० हजार नगद राशिसहित पुरस्कार पाउँछन् ।

प्रतियोगिता आयोजक समितिका अध्यक्ष सुबोधकुमार श्रीवास्तवको अध्यक्षतामा भएको कार्यक्रममा बारा क्षेत्र नं ४ का सङ्घीय सांसद एकबाल मियाँ, परवानीपुर गापाका अध्यक्ष हरिनारायण साह, वीरगंज महानगर वडा नं २१ का अध्यक्ष हबिब मियाँ, वडासदस्य जतनराउत कुर्मीलगायतको सहभागिता थियो ।

## त्रिदेशीय टी–२० सिरिजको उपाधि नेपाललाई

काठमाडौं, ११ वैशाख/रासस

त्रिदेशीय टी–२० क्रिकेट सिरिजको उपाधि नेपालले जितेको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा शनिवार भएको फाइनल खेलमा नेपालले नेदरल्यान्ड्सलाई १४२ रनअन्तरले हराउँदै उपाधि जितेको हो । नेपालले ११ वर्षपछि घरेलु मैदानमा सिरिजको उपाधि जितेको हो ।

टस हारेर ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा तीन विकेटको क्षतिमा २३८ रन बनायो । २३९ रनको विजयी लक्ष्य पछ्याउने क्रममा नेदरल्यान्ड्सले १७ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै ९६ रन मात्र बनायो । नेपालले आज विपक्षी टोलीलाई टी–२० क्रिकेटमा कीर्तिमानी लक्ष्य दिएको थियो । यसअघि टी–२० क्रिकेटमा नेपालले १३औं सागमा भुटानलाई २३६ रनको लक्ष्य दिएको थियो ।

नेदरल्यान्ड्सविरुद्धको खेलमा अरू खेलमा जस्तै कुशल भुर्तेलले अर्द्धशतक प्रहार गरे । सिरिजमा उनले चौथो अर्द्धशतक प्रहार गरे । एउटै सिरिजमा चौथो अर्द्धशतक बनाउने उनी पहिलो खेलाडी बनेका छन् । भुर्तेलले ७७ रन बनाए । उनले ५३ बल खेल्ने क्रममा तीन छक्का र आठ चौका हाने । यस्तै, आशिफ शेखले १६ र कप्तान ज्ञानेन्द्र मल्लले ३३ रनको योगदान दिए । कुशल मल्लले अर्द्धशतक प्रहार गरे । उनले २४ बलमा अविजित ५० रन बनाए । सो क्रममा मल्लले पाँच छक्का र दुई चौका हाने । यस्तै, उपकप्तान दीपेन्द्रसिंह ऐरीले अविजित ४८ रन बनाए । उनले १८ बल खेल्दै तीन छक्का र पाँच चौका प्रहार गरे । बलिङतर्फ नेदरल्यान्ड्सका लागि फिलिपे वोइसेविनले दुई तथा सेवास्टियन ब्राटले एक विकेट लिए ।

विजयी लक्ष्य पछ्याउने क्रममा नेदरल्यान्ड्सले सुरुआतदेखि नै विकेट गुमाउँदै गयो । नेदरल्यान्ड्सले दोस्रो ओभरमैं पहिलो विकेट गुमाएको थियो । उसले आठ ओभरमा छ विकेट गुमाउँदै ४३ रन बनाएको थियो । नेदरल्यान्ड्सका लागि म्याक्स ओडाउडले २० रन बनाए । यस्तै, कप्तान पिटस शेलारले १३ रन बनाए । अन्तिम समयसम्म सेवास्टियन ब्राटले आफ्नो टोलीलाई साथ दिए । उनले अविजित २६ रनको योगदान दिए । अन्य खेलाडीले भने रन बनाउन सकेनन् । नेदरल्यान्ड्सका दुई खेलाडी रनआउट भए ।

बलिङतर्फ नेपालका करण केसीले तीन, कमलसिंह ऐरी र सन्दीप लामिछानेले दुई/दुई तथा अविनाश बोहराले एक विकेट लिए । लामिछानेले आज पनि उत्कृष्ट बलिङ गरे । उनले चार ओभरमा २६ रन खर्चिंदै दुई विकेट लिए । लामिछाने सिरिजमा सर्वाधिक विकेट लिने खेलाडी बने । उनले पाँच खेलमा १३ विकेट लिए ।

**भुर्तेल सिरिजको उत्कृष्ट खेलाडी**

नेपाली युवा खेलाडी कुशल भुर्तेल त्रिदेशीय टी–२० क्रिकेट सिरिजको उत्कृष्ट खेलाडी बनेका छन् । पाँच खेलमा चार अर्द्धशतकसहित कुल २७८ रन बनाएका उनी 'प्लेयर अफ दि सिरिज' घोषित भएका हुन् ।

भुर्तेलले पल्सर मोटरसाइकल पुरस्कारस्वरूप प्राप्त गरे । उनले नेदरल्यान्ड्सविरुद्धको पहिलो खेलमा ६२, मलेसियासितको खेलमा ६१, नेदरल्यान्ड्सविरुद्धको दोस्रो खेलमा ६२ तथा फाइनल खेलमा आज नेदरल्यान्ड्सविरुद्ध ७७ रन बनाए । भुर्तेल एकै सिरिजमा चार अर्द्धशतक प्रहार गर्ने पहिलो नेपाली खेलाडीसमेत बनेका छन् । उनले टी–२० क्रिकेटमा डेब्यु खेलमा लगातार तीन अर्द्धशतक बनाउने कीर्तिमानसमेत बनाएका छन् । यसैगरी, सिरिजमा सर्वाधिक विकेट लिने खेलाडी सन्दीप लामिछाने बने । उनले सिरिजको पाँच खेलमा १३ विकेट लिए । टी–२० क्रिकेटमा १०० खेल खेल्ने पहिलो नेपाली खेलाडीसमेत बनेका लामिछानेले १०१ खेलमा १३८ विकेट लिएका छन् ।

## ४५ दिने सिलाइकटाइ तालीम शुरू

प्रस, वीरगंज, ११ वैशाख/

वीरगंज महानगरपालिका–३२ वडा कार्यालयको सहजीकरणमा सरिता सीपकला केन्द्र वीरगंजले ४५ दिने सिलाइकटाइ तालीम शुरू गरेको छ ।

वडाध्यक्ष रियाज अहमदले तालीमको उद्घाटन गरेका थिए । सो अवसरमा उनले वडाका दलित, एकल महिला, गरीब र विपन्न महिलाहरूलाई लक्षित गरेर तालीम आयोजना गरिएको बताए । उनले महिलाहरूलाई सीप प्रदान गरी रोजगारको लागि अभिप्रेरित पार्दै आत्मनिर्भर बनाउने उद्देश्य रहेको बताए । कोरोना सङ्क्रमणले स्वास्थ्य र सुरक्षाको मापदण्ड अपनाएर तालीम दुई सिफ्टमा सञ्चालन हुने र एक सिफ्टमा दशजनाको मात्र सहभागिता गराइने उनले प्रस्ट्याए ।

सरिता सीपकला केन्द्र वीरगंजकी अध्यक्ष सरिता गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा वंशीधर गुप्ता र अभिजित चौधरीले सहजीकरण गरेका थिए । तालीममा सहभागी २० जनालाई दुई सिफ्टमा प्रशिक्षिकाद्वय रिङ्कु देवी र आयोजक संस्थाकी अध्यक्ष गुप्ताले तालीम दिने बताइएको छ ।

## पीडितलाई राहत

प्रस, सेढवा, ११ वैशाख/

जीराभवानी गाउँपालिका–३ नौकाटोलाका आगलागी पीडितलाई सामाजिक कार्यकर्ता प्रकाश थारूले राहत वितरण गरेका छन् ।

शुक्रवार साँझ स्थानीय अमृत चौधरीको घरमा आगलागी भएको थियो । निजलाई चामल, दाल, आलु, प्याज, तेल, नून, लत्ताकपडाका साथै त्रिपाल सामाजिक कार्यकर्ता थारूले सहयोग गरेका थिए । हिजो आगलागीबाट चौधरीको घरमा भएका सबै सामान जलेर नष्ट भएको थियो ।



**स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी**

- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं । - फूटपाथमा जथाभावी पसल नराखौं । - मास्क र पञ्जा प्रयोग गरौं ।
- अनावश्यक भीडभाड नगरौं । - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं । - वन-वे, टु-वे नियम पालना गरौं । - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं । - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं ।

